२०७९ साल चैत्र २७ गते सोमबार विहान ११:०० बजे बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको आ.ब. २०७९/०८० को एघारौं बैठकबाट भएको निर्णयहरुको संक्षिप्त व्यहोरा निम्न बमोजिम छन् :

**निर्णय नं. १:**

गत बैठकहरुबाट भए गरेका निर्णयहरुको समीक्षा गरी कार्यान्वयन हुन बाँकि निर्णयहरुलाई यथाशीघ्र कार्यान्वयन गर्ने ।

**निर्णय नं. २:**

यस गाउँपालिका क्षेत्रभित्र वडा १ देखि ९ सम्मका वडा क्षेत्रमा भुउपयोग ऐन २०७६ को दफा (४) बमोजिम स्थानीय महत्वरहि आवश्यकताको आधारमा भु-उपयोग नियमावली २०७९ को परिधिभित्र रहि अनुसूचि-१ मा उल्लेख भए अनुसारका सुचकहरुसँग मेल खानेगरी तपशिल अनुसार जग्गा वर्गीकरण गर्ने निर्णय गरियो।

| सि.नं. | वडा नं. | आवासिय क्षेत्र | कृषि क्षेत्र | सार्वजनिक उपयोगको क्षेत्र | बन क्षेत्र | नदि, खोला, ताल सिमसार क्षेत्र | पुरातात्विक तथा सांस्कृतिक महत्वको क्षेत्र |
|---|---|---|---|---|---|---|---|
| १ | १ | • नेवारपानी देखि कोलगैरी, भन्ज्याङ हुदै दुङ्ग सडकको ३० मिटर दाँयाँवाँयाँ भित्रपर्ने क्षेत्र<br>• मुङग्रेकोट भञ्ज्याङ, ठुलो भावर सानो भावर, गडुवान, चिसापानि सडक दायाँ बायाँ २५ मि भित्रको क्षेत्र<br>• ढुङगेन बिरालिटार सडक दाँयाँवाँयाँ २० मिटर भित्रको क्षेत्र<br>• दुङ्ग, खोलाटार वेसी, खोलाटार राम्चे, इन्द्रङ्ग सडक दायाँ बायाँ २० मि भन्दा भित्रको क्षेत्र<br>• मछेडि, वाराङ्ग, थुम्की सडक दायाँबायाँ २० मि भन्दा भित्रको क्षेत्र<br>• गोदान, दुङ्ग क्षेत्र<br>• वडा कार्यालय भन्दा बाहिरको बिरालिटारको क्षेत्र | • मुङग्रेकोट भञ्ज्याङ, ठुलो भावर सानो भावर, गडुवान, चिसापानि सडक दायाँबायाँ २५ मि भन्दा बाहिरको क्षेत्र<br>• ढुङगेन बिरालिटार सडक दाँयाँवाँयाँ २० मिटर भन्दा बाहिरको क्षेत्र<br>• दुङ्ग, खोलाटार वेसी, खोलाटार राम्चे, इन्द्रुङ्ग सडक दायाँबायाँ २० मि भन्दा बाहिरको क्षेत्र<br>• मछेडि, वाराङ्ग, थुम्की सडक दायाँबायाँ २० मि बाहिरको क्षेत्र<br>• नेवारीपानी देखि कोलगैरी, भन्ज्याङ हुदै दुङ्ग सडकको ३० मिटर दाँयाँवाँयाँ बाहिरपर्ने क्षेत्र | • श्रि बिन्देश्वरि प्रा. बि. रहेको क्षेत्र<br>• ठुलो भावर प्राबि रहेको क्षेत्र<br>• बालजागृति प्रा. बि बिद्यालय रहेको क्षेत्र<br>• कालिका प्रा. बि . बिद्यालय रहेको क्षेत्र<br>• श्रि भुबनेश्वरि प्रा बि ,प्राथमिक बिद्यालय रहेको क्षेत्र<br>• १ नं वडा कार्यालयको क्षेत्र<br>• स्वास्थ्यचौकि रहेको क्षेत्र | • तल्लो कोलगैरी, घले टोल<br>• ठुलो सातधार मोरङ डाँडा | • खोलाटार बेसी, धामी चौर<br>• आँप खोल्ची | • लालिगुराँस पार्क |

देव ...<br>
प्रमुख प्रशासकीय अधिकृत

राक्सिराङ्ग गाउँ कार्यपालिकाको कार्यालय<br>
राक्सिराङ्ग, मकवानपुर<br>
बाग्मती प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | २ | • देउकोट देखि झिल्कीनी, मैनटार, गोठरी हुदै सुनारी सौरा दाँयाँबाँयाँ ३० मिटर भित्रको क्षेत्र<br>• खराङ्गा देखि सानोभावर सुनारी सौराहुदै दमार दाँयाँबाँयाँ ३० मिटर भित्रको क्षेत्र<br>• कुडुले, सुनारी सौरा, कालीधाप | • भाट्टि, थुम्की, बारेटार, रिम्कीम, स्यामराङ्ग, बहती, गाँठबारी, भट्टिबेसी, आपँबारी, पाखि, निडगराङ्ग<br>• देउकोट देखि झिल्कीनी, मैनटार, गोठरी हुदै सुनारी सौरा दाँयाँबाँयाँ ३० मिटर बाहिरको क्षेत्र<br>• खराङ्गा देखि सानोभावर सुनारी सौराहुदै दमार दाँयाँबाँयाँ ३० मिटर बाहिरको क्षेत्र | • प्रजा प्रगति आधारभूत विद्यालय रहेको क्षेत्र<br>• थुम्की प्रा.वि. बिद्यालय रहेको क्षेत्र<br>• जनजागृति प्रा.वि. बिद्यालय रहेको क्षेत्र<br>• २ नः वडा कार्यालय , स्वास्थ्य चौकि रहेको क्षेत्र | • गैरी टोल, थुम्की, पौरेक, गडुवान फेदी, विर्खे डाँडा, हर्रा डाँडा, आप डाडा बन क्षेत्र | • मछेडि, पाखे फेदी, कुडुले फेदी, भाट्टीबेसी, कालिधाप, सुनारी सौरा फेदी, गोठ बारी खोलाको क्षेत्र | • झक्रेनी पहरा झरना |
| ३ | ३ | • मनहरी , पलासे , खहरे ,क्याङ्गराङ्ग , बरेटार ,लावती सरिखेत , सौराडाँडा हुदै वडा कार्यालय सडक दाँयाँबाँयाँ ३० मिटर भित्रको क्षेत्र<br>• लावती सडक, कोलाङती , औले सडक, ग्रिङति ,कोलडाँडा सकड, सडकको दायाँदायाँ २० मि भित्रको क्षेत्र<br>• दमार, झिल्किनी, पिप्ले, मैनटार, गोठरी, सिजाली सडको दायाँबायाँ ३० मि भित्रको क्षेत्र<br>• पलाँसे | • लावती सडक, कोलाङती , सडकोल्डाँडा, ग्रिङति , डोठे, औले सकड, सडकको दायाँबायाँ २० मि बाहिरको क्षेत्र<br>• दमार, झिल्किनी, पिप्ले, मैनटार, गोठरी, सिजाली सडको दायाँ बायाँ ३० मि बाहिरको क्षेत्र<br>• मनहरी ,पलासे, खहरे, क्याङ्गराङ्ग ,बरेटार ,लावती ,सरिखेत सौराडाँडा हुदै वडा कार्यालय सडक दाँयाँबाँयाँ ३० मिटर भित्रको क्षेत्र<br>• घट्टेखोला , आलखोप ,केराबारी , सरकारी , सानोदेउकोट,गहुँबारी सिउरानी | • सुर्योदय मा.वि., जनप्रिय प्रा . बि. , प्रा. बि.केराबारी विद्यालय, लावति प्रा.वि., रास्ट्रिय प्रा.वि. ३ नं वडा कार्यालय रहेको क्षेत्र, स्वास्थ्य चौकी रहेको क्षेत्र | • सिद्वार्थ हरियालि , बनकालि , भर्न्याङकालि, गुफादेबी सामुदायिक बन क्षेत्र | • चुतौरी खोलादेखी कालीधाप सम्म<br>• मनहरि खोला ,<br>• चुरलिङ खोला | • जलपरी झरना, भन्याङ्गकाली मन्दिर , नागेश्वरि मन्दिर, साङगेछ्योइलिङ गुम्बा , अशोक बाटिका ,सानोकान्छि स्मृति पार्क ,श्रि पेमा देक्षलेङ गुम्बा |

देव चन्द्र गर्तौला
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | ४ | • चैनपुर देखि परेवाभिर दुङ्गु पन्जनी हुदै वडा कार्यालय दाँयाँबाँयाँ १५ मिटर भित्रको क्षेत्र<br>• दुङ्गु देखि रतुवा चौकीटार हुदै घोरकोटे दाँयाँबाँयाँ २० मिटर भित्रको क्षेत्र<br>• घोरकोटे, भिमलटार, किन्द्राङ्ग, राक्सिराङ्ग सडक, रतुवा, देवीटार, मान्छाप, भोक्टि, वडा कार्यालय थुनवाङ्ग, भिन्देश, किङराङ सडक, जिर्खे डाँडा लापुर भिम्वुङ्ग सडक दायाँबायाँ १५ मि भित्रकोको क्षेत्र<br>• दुङ्गु पन्जनी वडा कार्यालय सडक, वडा कार्यालय दुङ्गु लापुर सडक, दुङ्गु डिबारी किटघारी चौतारा सानो लापुर सडक दायाँबायाँ १५ मि भित्रको क्षेत्र | • विकुटार, दुङ्गुखोला, जयसिन्ताल, तर्सिकोट क्षेत्र<br>• चैनपुर देखि परेवाभिर दुङ्गु पन्जनी हुदै वडा कार्यालय दाँयाँबाँयाँ १५ मिटर बाहिरको क्षेत्र<br>• दुङ्गु देखि रतुवा चौकीटार हुदै घोरकोटे दाँयाँबाँयाँ २० मिटर बाहिरको क्षेत्र<br>• घोरकोटे, भिमलटार, किन्द्राङ्ग, राक्सिराङ्ग सडक, रतुवा, देवीटार, मान्छाप, भोक्टि, वडा कार्यालय थुनवाङ्ग, भिन्देश, किङराङ सडक, जिर्खे डाँडा लापुर भिम्वुङ्ग सडक दायाँबायाँ १५ मि बाहिरको क्षेत्र<br>• दुङ्गु पन्जनी वडा कार्यालय सडक, वडा कार्यालय दुङ्गु लापुर सडक, दुङ्गु डिबारी किटघारी चौतारा सानो लापुर सडक दायाँबायाँ १५ मि बाहिरको क्षेत्र | • जयसिन्ताल प्रा.वि., विन्देश्वरी प्रा.वि., भिमसेन प्रा.वि., कालिका मा.वि., जनजागृति प्रा.वि, राष्ट्रिय प्रा.वि. , गोगन देवी प्रा.वि, आ. बि.देवीटार बिधालय रहेको क्षेत्र र ४ नं वडा कार्यालय रहेको क्षेत्र, स्वास्थ्य चौकी रहेको क्षेत्र | लालीगुराँस, परिवर्तन, लेकाली, महादेव, सल्लाघारी पन्जनी सामुदायिक बना | दुङ्गु खोला<br>बागदुङ्ग<br>यादु खोला<br>गोराङ्गदी खोला<br>गार्खा खोल्सा<br>महादेव खोला | • कालिका मन्दिर<br>• किन्द्राङ बुडामहादेब मन्दिर<br>• सेल्फी झरना<br>• किङराङ भोग्टी डाँडा, बुढामहादेब पर्यटन, गुसेश्वर गुफा, कालिका मन्दिर ठाटी<br>• चुलीडाँडा |
| ५ | ५ | • बुखुम देखि कुत्तासिङ हुदै इन्चाराङ्ग सडक , कुत्तासिङ धुसाराङ्ग हुदै सानोलापुर , सोमेकाट झिँमिनी हुदै चुरिडाडा ,बुखुम हुदै साचक, बांङदिराङ्ग , साचक बम्किम हुदै सानो लापुर , बोट्बारी रानिवांङ साचक सडक दाँयाबाँया २० मिटर भित्रको क्षेत्र<br>• कुत्तासिङ, बाङदिराङ्ग हुदै बोट्बरी सडक दाँयाँबाँयाँ ३० मिटर भित्रको क्षेत्र<br>• बाङदिराङ्ग सडक देखि सिङरुति खोल्सि सडक दाँयाबाँया ५० मिटर भित्रको क्षेत्र<br>• चैनपुर, ठाडे, ठाडेचुरी आलेराङ्ग क्षेत्र | • सानोलापुर क्षेत्र<br>• बुखुम देखि कुत्तासिङ हुदै इन्चाराङ्ग सडक , कुत्तासिङ धुसाराङ्ग हुदै सानोलापुर , सोमेकाट झिँमिनी हुदै चुरिडाडा ,बुखुम हुदै साचक, बांङदिराङ्ग , साचक बम्किम हुदै सानो लापुर , बोट्बारी रानिवांङ साचक सडक दाँयाबाँया २० मिटर बाहिरको क्षेत्र<br>• कुत्तासिङ, बाङदिराङ्ग हुदै बोट्बारी सडक दाँयाँबाँयाँ ३० मिटर बाहिरको क्षेत्र<br>• बाङदिराङ्ग सडक देखि सिङरुति खोल्सि सडक दाँयाबाँया ५० मिटर बाहिरको क्षेत्र | • गाउँपलिका रहेको क्षेत्र, अस्पताल रहेको क्षेत्र, प्रजा जागृति, सुनाचुरी प्रा. बि., प्राथमिक बिधालय रानीबाङ्ग, लोकप्रिय प्रा.बि., नवजीबन प्रा. बि. रहेको क्षेत्र | • ठाडेचुरि सामुदायिक<br>• दक्षिण कालिका<br>• सामाजिक सेवा<br>• नमुना वन उ. स.<br>• कालिका बन | • परेवाभिर बाट मनहरि खोला<br>• ईन्चाराङ्ग देखि कुत्तासिङ खोला | • लालपार्क<br>• गोकर्ण थान<br>• विन होङ्ज्योङ्ग |
| ६ | ६ | • खनखरेटार सिलिङ्गे हुदै सिलाधुनि सडक दाँयाँबाँयाँ ३० मिटर भित्रको क्षेत्र<br>खरकण्डेटार, सिलिङ्गे, सिमरगाउँ, मागेनी, करासे, स्यालुङसाई, कुइतन, सिलाधुनी, वाङराङ्ग, बुझराङ्ग, धुसाराङ्ग | • माकलदमार, बाङराङ, मागेनी, कुइतान, पाल्से, करासे क्षेत्र<br>• खनखरेटार सिलिङ्गे हुदै सिलाधुनि सडक दाँयाँबाँयाँ ३० मिटर बाहिरको क्षेत्र | • स्वास्थ्य चौकी रहेको क्षेत्र , वडा कार्यालय रहेको क्षेत्र , प्रजा कल्याण प्रा. बि. , रास्ट्रिय मा. बि. क्षेत्र | • सिलिङ्गे सामुदायिक वन क्षेत्र | लोथर खोला | • ढाकीवाङ्ग<br>• सरस्वती ओडार |

देव चन्द्र [illegible]
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | ७ | • आईबेसि देखि दामराङ चौतारा गलिङ्ग हुदै चरिमारा सडक दाँयाँबाँयाँ ३० मिटर भित्रको क्षेत्र<br>• धिराङ्ग देखि दराङ्ग सडक, होमगाइराङ्ग, काङ्गसिराङ्ग, माझटोल, वेसीटोल, गाइवाङ्ग, रिन्चराङ्ग, लंका, आइवेनी, दामराङ्ग, गोलपु, चौतारा खासिलङ्ग, योमकछार, छगुङ्ग, जुरेथुम, छ्यासलिङ सडक दायाँबायाँ २० मिटर भित्रको क्षेत्र | • आइवेसी, खर्लिङ्ग, दामराङ्ग, गर्लिङ्ग चरिमारा सडक दाँयाँबाँयाँ ३० मिटर बाहिरको क्षेत्र<br>धिराङ्ग, दराङ्ग, होमगाइराङ्ग, काङ्गसिराङ्ग, माझटोल, वेसीटोल, गाइवाङ्ग, रिन्चराङ्ग, लंका, आइवेनी, दामराङ्ग, गोलपु, चौतारा खासिलङ्ग, योमकछार, छगुङ्ग, जुरेथुम, छ्यासलिङ सडक दायाबाया २० मिटर बाहिरको क्षेत्र | • आधारभूत विद्यालय ,टिके ढुंगा प्रा. बि. , प्रा. बि. चरिमारा<br>• सातकन्या प्रा. बि., आधारभूत विद्यालय दामराङ्ग, धिराङ्ग आधारभुत बिद्यालय रहेको क्षेत्र, स्वास्थ्य चौकी रहेको क्षेत्र , वडा कार्यालयको क्षेत्र | • धिराङ्ग<br>• चाङसिराङ<br>• कोतालि<br>• दामराङ्ग सामुदायिक वन क्षेत्र | • रुइती<br>• साँखर खोला क्षेत्र | • लंका<br>• दाराङ्ग<br>• भिम्बुङ्ग<br>• शंखरे गुफा |
| ८ | ८ | • देवीटार पाङ्गथली हुदै टोड्के सडकको दायाँबायाँ ३० मिटर भित्रको क्षेत्र<br>• देवीटार कुचुर ग्याङ्गराङ्ग हुदै माइसिराङ्ग सडकको दायाँबायाँ २० मिटर भित्रको क्षेत्र<br>• तामकटार, पाङथली, धुसावगर, गोडडाडा, भाइदुल, पाङवुङ, ग्याङगदिडाडा, निवाङ, घट्टेखोला, छतिवन, ताङराङ, स्वारा, धनवास, महाकाल, तर्सिकोट, सानोटोड्के, हलिचे, कालिकाथान,जापराङ्ग,गडिडाडा, घयाङ, भारागोङ | • माइसिराङ, चामन्ती, ग्याङराङ, तालुका, तामकतर, कुचुर, शिखरडाडा, दौलिडाडा , पाङ्गबुङ , पिङगुराङ ,बासघारि सामराङ, हातिखोला, बरख्याजे क्षेत्र<br>• देवीटार पाङ्गथली हुदै टोड्के सडकको दायाँबायाँ ३० मिटर बाहिरको क्षेत्र<br>• देवीटार कुचुर ग्याङ्गराङ्ग हुदै माइसिराङ्ग सडकको दायाँबायाँ २० मिटर बाहिरको क्षेत्र | • जनसेवा प्रा. बि., माध्यामिक बिद्यालय, आधारभूत विद्यालय , नबजिबन आ. बि., प्रा. बि. धुसाबगर , जनज्योति प्रा. बि. चेपाङ्ग प्रगति प्रा. बि. विद्यालय रहेको क्षेत्र ,स्वास्थ्य चौकी, वडा कार्यालय रहेको क्षेत्र | • जनकल्याण, जनजागृति, जनएकता बन क्षेत्र | • पाङथली खोला, जिर्खे खोला, राँगा खोला, घट्टेखोला, याबाङ खोला | • दुईचोक डाडा<br>• नागदह |
| ९ | ९ | • अठारे वडा कार्यालय हुदै कोखारी, काङसिराङ, लोजा, जिनाइ सडकको दायाँबायाँ २५ मिटर भित्रको क्षेत्र<br>• सल्लेनीटार, गैजुराङ्ग सडकको दायाँबायाँ २० मिटर भित्रको क्षेत्र<br>• वडा कार्यालय सुकेल तर्लिङ्ग जिनाई सडकको दायाँबायाँ २० मिटर भित्रको क्षेत्र<br>• ग्यावती खोला तेन्सुराङग तेन्ता काङसिराङ्ग सडकको दायाँबायाँ २० मिटर भित्रको क्षेत्र | कात्तिके, डि अठारे, तर्लिङ्ग, कोखारी, सल्लेनी, पाटाबारी, डन्टार, धादुङ, धुरु, च्यूरीती, तेन्ता, पार्सिवाङ्ग, रुन्चेवाङ्ग काङसिराङ, ठुलो खैराङ्ग, टार, तेन्सुराङ्ग, लाइवाङ्ग, च्यौराङ्ग, जोगीटोल, कोवाङ्ग, धुङकुती, डल्डाँडा, पाङसिराङ्ग, लाईबाङ्ग, पुरानो गाउँ, नया गाउँ, कार्की डाँडा, भोक्टेनी, राजाराङ्ग, मरुवाडाँडा<br>अठारे वडा कार्यालय हुदै कोखारी, काङगिराङ, लोजा, जिनाइ सडक दायाँबायाँ २५ मिटर बाहिरको क्षेत्र<br>सल्लेनीटार, गैजुराङ्ग सडकको दायाँबायाँ २० मिटर बाहिरको क्षेत्र<br>वडा कार्यालय सुकेल तर्लिङ्ग जिनाई सडकको दायाँबायाँ २० मिटर बाहिरको क्षेत्र<br>ग्यावती खोला तेन्सुराङग तेन्ता काङसिराङ्ग सडकको दायाँबायाँ २० मिटर बाहिरको क्षेत्र | • प्रा. बि. सिमलटार , देविथान प्रा. बि. , तेन्सुराङ्ग प्रा. बि ,कालिदेबी प्रा. बि. ,बागेश्वरी आ. बि. ,महाकाली प्र. बि ,बाराही प्रा. बि. ,कालिका प्रा. बि. विद्यालय रहेको क्षेत्र<br>• वडा कार्यालय र स्वास्थ्य चौकि कार्यालय रहेको क्षेत्र | • बज्रकाली, सुकेल, चुन देवी, डन्टार, डल्डाँडा, देउराली, काली थानी,<br>• इन्द्रेणी, च्यौराङ्ग, सकुसुनदेवी सामुदायिक वन क्षेत्र | • घोराङदी, तुम्वाङ्ग प्वाकल, धुरु, लोजा, क्षेत्र<br>• कुइती दोभान | • भिमबुङ्ग<br>• तौतालाङ्ग, प्वाकल, बागेश्वरी मन्दिर<br>• धुरु झरना नागदह<br>• ढ्वाङखाने गुफा<br>• महाभारत गुफा |

प्रमुख प्रशासकीय अधिकृत

बागमती प्रदेश, नेपाल

<u>निर्णय नं. ३:</u>

स्थानीय तहमा कुरीति र अन्धविश्वास रहीत समाज निर्माण गर्न समाजमा हुने हरेक प्रकारका लैङ्गिक हिंसा जस्ता जघन्य अपराध नियन्त्रण गर्न निम्नानुसारको लैङ्गिक तथा यौन दुर्व्यवहार निवारण आचार संहीता, २०७९ लागु गर्ने ।

## (लैगिक तथा यौन दुर्व्यवहार (निवारण) आचार संहिता, २०७९)

- कार्यालय तथा कार्यालय स्थलमा लैङ्गिक हिंसा हुने किसिमको कुनै काम र ब्यबहार नगर्ने।
- कार्यालयमा जनप्रतिनिधि, कर्मचारीले काम गर्दा, सेवा प्रवाह गर्दा वा सेवा ग्राहीले सेवा ग्रहण गर्दा लैगिक हिंसा हुने वातावरण सिर्जना गर्नु हुदैन ।
- कार्यालयले लैगिक हिंसा हुन नदिन सजगता/संवेदनशीलता अपनाउनु पर्ने ।
- लैङ्गिक हिंसा विरुद्ध सचेतीकरणका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- कार्यालय वा कार्यस्थलमा लैगिक हिंसा हुन नदिन सेवाग्राही, कर्मचारी र व्यवस्थापन वीच निरन्तर सम्पर्क, सम्वाद र छलफल हुने व्यवस्था गर्ने ।
- लैगिक हिंसा विरुद्ध जनचेतना जगाउन विद्यालय र समुदायमा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने ।
- आयआर्जन, सीप, क्षमता र वृत्ति विकासका क्रियाकलापहरु सञ्चालन गर्ने र यस्ता क्रियाकलापहरु सञ्चालन गर्दा महिला कर्मचारी वा लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको सहभागिता अभिवृद्धि गर्न सहुलियत वा प्रोत्साहन दिने ।
- कार्यालय वा कार्यस्थलमा लेख्दा, बोल्दा र व्यवहार गर्दा लैगिक संवेदनशीलता र शिष्टाचारमा विचार गर्ने।
- महिला र पुरुषका लागि छुट्टा छुट्टै शौचालयको व्यवस्था गर्ने ।
- कार्यालयमा स्तनपान कक्षको व्यवस्थापन गर्ने ।
- लैङ्गिक असंवेदनशील/अपमानजनक शव्दको प्रयोग गर्न नहुने ।
- लैङ्गिक विभेदपूर्ण शव्द प्रयोग नगरी विभेदपूर्ण व्यवहारको नगर्ने।
- महिला प्रति लक्षित गरेर अस्वाभाविक तथा अभद्र व्यवहारहरु नगर्ने ।
- महिला तथा बाल बालिका प्रति सम्मानित र सकारात्मक व्यवहार गर्ने।
- महिला विरुद्द हिंसाजन्य व्यवहार तथा दुर्व्यवहार नगर्ने र गर्न नदिने ।
- महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुलाई पीडादायक बोलीबचन र व्यवहार नगर्ने ।
- जैविक लिङ्गका कारण महिलाको महिनावारी, गर्भवती, प्रसुती र स्तनपानलाई सहज बनाउने गरी ब्यबहार र संरचना निर्माण गर्ने ।
- आ-आफ्नो जिम्मेवारी इमान्दारिता पूर्वक पुरा गर्ने र सेवा दिदा वा लिदा लैङ्गिक विभेद नगर्ने ।
- सबैमा सम्मान, सदभाव र सहयोगी व्यवहार गर्ने ।
- कार्यालयमा कसैले लैङ्गिक हिंसा वा दुर्व्यवहार गरेमा सम्वन्धित जिम्मेवार अधिकारी/व्यक्तिलाई जानकारी गराउने ।
- कार्यस्थलको वातावरण स्वस्थ्य, सुरक्षित, पारदर्शि र लैङ्गिक हिंसाको स्थिति उत्पन्न नहुने व्यवस्था गर्ने ।
- लैङ्गिक दुर्व्यवहार सामाजिक रुपमा अमानवीय र कानूनी रुपले दण्डनीय भएकोले त्यस तर्फ सबैले अनुसाशित रहने ।
- लैङ्गिक सम्मान/सद्बाव कायम गर्नु प्रत्येक नागरिकको कर्तव्य हो कर्तव्यको पालना गर्ने ।
- कार्यालयमा कुनैपनि प्रकारको लैङ्गिक हिंसा भएमा प्रचलित कानून बमोजिम कार्यबाही गर्ने ।
- लैगिक हिंसागर्ने जो कोही उपर कारवाही गर्ने ।
- लैगिक हिंसाका घटना घटेको पाइएमा छानवीन गरी दोषी उपर कारवाही गर्ने ।

**निर्णय नं. ४:**

यस राक्सिराङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, चैनपुर, मकवानपुरको तर्फबाट नेपालको कुनै पनि अड्डा अदालतमा कुनै पनि विषयमा मुद्दा मामिला गर्नु परेमा वा पालिकाको नाममा पर्न आउने कुनै पनि विषयको मुद्दा मामिलामा प्रतिरक्षा गर्नु परेमा वा मुद्दा मामिला सम्बन्धमा फिराद पत्र, प्रतिउत्तर पत्र, निवेदन, लिखितजवाफ, पुनरावेदन पत्र लगायत जो जे गर्नु पर्ने हो, सो सम्पुर्ण कार्य गर्न यस राक्सिराङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, चैनपुर, मकवानपुरको तर्फबाट गाउँ कार्यपालिकाको कार्यालय, चैनपुर, मकवानपुरका प्रमुख प्रशासकिय अधिकृत श्री *देब चन्द्र गतौंला* तथा शिक्षा शाखाका प्राविधिक सहायक श्री *पासाङ्ग लामा बल* लाई आफै वा वारेश राखी मुद्दा पुर्पक्ष गर्न सक्ने गरी अख्तियार प्रदान गर्ने ।

**निर्णय नं. ५:**

राक्सिराङ्ग गाउँपालिकाको आ.व २०७९/०८० को वार्षिक बजेट तथा कार्यक्रम संचालन कार्यविधि २०७९ बमोजिम उपभोक्ता समिति मार्फत संचालन भएका र हुँदै गरेका योजना तथा कार्यक्रमको कार्य समाप्त गर्नुपर्ने अवधी सम्बन्धित योजनाको लागि तोकिएको समयावधी बाहेकका हकमा २०७९ चैत्र मसान्त सम्म रहेकोमा हाल कार्य सम्पन्नका लागि विभिन्न उपभोक्ता समितिहरुबाट माग भई आएको म्याद थपका निवेदनहरु बमोजिम सो म्याद २०८० बैशाख ३० गते सम्मका लागि थप गर्नका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं. ६**

राक्सिराङ्ग गाउँपालिकाको राजश्व परामर्श समितिको मिति २०७९/१२/२६ गतेको निर्णय तथा सिफारिस अनुसार नदीजन्य पदार्थको संकलन, उत्खनन तथा निकासीको आय ठेक्का सम्बन्धमा उत्खनन कार्य, तोकिएको मापदण्ड पालना भए/नभएको तथा सम्झौता अनुसारको काम कारबाहीका सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्ने कार्यको लागि गाउँपालिकाका उपाध्यक्षको संयोजकत्वमा देहाय बमोजिमको अनुगमन समिति गठन गर्ने ।

**देहाय:**

संयोजक: श्री बनस्तम थिङ, उपाध्यक्ष
सदस्य: श्री उत्तम वाइबा, वडाध्यक्ष ३
सदस्य: श्री संजय कोइराला, वडाध्यक्ष ४
सदस्य: श्री हरि बहादुर प्रजा, वडाध्यक्ष ५
सदस्य: श्री देब चन्द्र गतौंला, प्रमुख प्रशासकीय अधिकृत
सदस्य: श्री शान्तनु टिवडेवाल, सब इन्जीनियर, प्राविधिक शाखा
सदस्य सचिव: श्री चुन नारायण श्रेष्ठ, अधिकृतस्तर छैठौं, राजश्व शाखा

**निर्णय नं. ७**

यस गाउँपालिका अन्तर्गत १० शैयाको आधारभूत अस्पताल निर्माण कार्यको लागि श्री लामा/बाँनिया जेभी हेटौंडा १८ बाट साईट मोविलाईजेशन भैसकेको हुँदा थप पेश्की बापत रकम माग गरी बैंक जमानत पेश गरेकोमा हाल संघीय सरकारबाट प्राप्त हुनुपर्ने रकम निकासा नभइसकेको हुँदा हाललाई गाउँपालिकामा प्राप्त हुने स्रोतबाट पेश्की उपलब्ध गराई पछि निकासा प्राप्त भएपछी सोधभर्ना हुने गरी रु २५,००,०००/०० भुक्तानीका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

राक्सिराङ्ग गाउँ कार्यपालिकाको कार्यालय राक्सिराङ्ग, मकवानपुर बागमती प्रदेश, नेपाल

देव चन्द्र गतौंला
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ८ विविध:

क) बागमती प्रदेश, सामाजिक विकास मन्त्रालय, सार्वजनिक निर्माण कार्यान्वयन इकाईबाट कार्यान्वयन हुने "जसिङताल फुटबल खेल मैदान योजना, राक्सिराङ्ग-४" कार्यक्रमका लागि रकम विनियोजन भए अनुसार सो खेल मैदान निम्न चार किल्ला रहेको करिब ७ रोपनी क्षेत्रफलको सार्वजनिक पर्ती जग्गामा निर्माण गर्नका लागि उक्त इकाईलाई सिफारिस गरि पठाउने।

पुर्वः बन क्षेत्र पश्चिम बन क्षेत्र उत्तर : बन क्षेत्र दक्षिण : रतुवा वडा कार्यालय तर्सीकोट सडक

ख) यस राक्सिराङ्ग गाउँपालिका वडा नं ५ स्थित श्री धन लक्ष्मी वालुवा प्रशोधन तथा क्रसर उद्योग प्रा.लि बाट बालुवा प्रशोधन तथा क्रसर उद्योग स्थापनाको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयार गर्ने कार्यको लागि सो कम्पनीका तर्फबाट परामर्शदाता संस्था श्री वातावरणीय चेतनाका लागि एकीकृत विकास, हेटौंडा ६ बाट पेश हुन आएको कार्यसूची (ToR) स्वीकृत गरी आवश्यक प्रकृया अगाडी बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

ग) यस कार्यालयमा कार्यरत कार्यालय सहयोगी काजीमान थिङ्गको मिति २०७९/१२/०६ गते भएको असामयिक निधनप्रति गहिरो शोक व्यक्त गर्दै शोकाकुल परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दै दिवंगत आत्माको चीर शान्तिको कामना गरियो ।

**द्रष्टव्य : निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरु आवश्यक भएमा गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुनेछ ।**

देव चन्द्र ...ला
प्रमुख ...